GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

# काउली तरकारी समुहका रोग किराहरु तथा तिनको व्यवस्थापन



ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण

RVWRMP

FCG

## १. मुख्य कीराहरु, क्षतिको प्रकार तथा व्यवस्थापनका उपायहरु

| कीराहरु | क्षतिको प्रकार | व्यवस्थापनका उपायहरु |
|---|---|---|
| **बन्दाको पुतली**<br> | यि पुतलीहरुले झुण्डको रुपमा फुल पार्छन र लार्भेले ३-४ हप्ता सम्म प्राय काउली समुहको वालीको पात खान्छ जस्ले गर्दा पातहरु छिया-छिया हुन्छन् र उत्पादनमा कमी ल्याउछ । | • किराका पहेंला फुल र लार्भाहरु जम्मा गरि नष्ट गर्ने ।<br>• पुतलीलाई हाते जालीले पकेर नष्ट गर्ने ।<br>• कीराको प्रकोप बढि भएमा डाइक्लोरोभस ७६% (ई.सी.) १ मी.ली. अथवा मालाथायन ५०% (ई.सी.) २ मी.ली. प्रती लिटर पानीमा मिसायर छर्ने । |
| **उफ्रने खपटे**<br> | यी खपटेहरुले माटोमा फुल पार्छन् र लार्भेले माटोमा बसेर विषेश गरेर काउली बाली समुहका फेंद वरिपरी वसेर जरा खान्छ । वयस्कले पातमा दुलो पारेर खानुको साथै पातका तन्तुहरुमा समेत क्षति पुऱ्याउछ । | • तरकारी टिपि सकेपछि बाकि बोट र पातहरु नष्ट गर्ने ।<br>• नीम जन्य विषदी एजाडिराक्टीन ०.००३ % ( मल्टिनीम) ५ मी.ली प्रति लिटर पानीमा मिसाई प्रयोग गर्ने । |
| **ईट बुट्टे पुतली**<br> | पातको हरियो भाग खाइ झिल्लीमात्र बाकी देखिन्छ बढि प्रकोप भएमा विरुवाको सम्पुर्ण पात नष्ट गर्छन र यिनले विरुवाको टुप्पा खाइदिने हुनाले विरुवाहरु वढन सक्दैनन् । | • तरकारी लिइसकेपछि बाकि बोट र पातहरु नष्ट गर्ने ।<br>• फुलगोभी समुहका बाली र गोलभेडा संगै लगाउने ।<br>• कीराहरु संकलनगरी नष्ट गर्ने ।<br>• नियमितरुपमा नीममा आधारित विषादी छर्ने ।<br>• NPV, Bt को प्रयोग गर्ने । |
| **जुका जस्तो लार्भे**<br> | पात तथा विरुवाको कलिलो भाग खाई क्षती पुऱ्याउँछ । | • कीरा हातले संकलन गरी नष्ट गर्ने ।<br>• नीम जन्य विषादीको प्रयोग गर्ने ।<br>• NPV, Bt को प्रयोग गर्ने । |
| **बन्दाको पतेरो**<br> | पतेरोको वच्चा र माउले काउली समुहका वालीको पातहरुमा सेतो दागहरु वनाई रस चुस्छन । | • सुर्तीको झोल बनाई छर्ने ।<br>• गहुँतको प्रयोग गर्ने ।<br>• रोगर ३०% ई.सी. १ मी.ली. प्रति लिटर पानीमा मिसाई छर्ने । |

| | | |
|---|---|---|
| **सुर्तिको पात खाने लार्भे**<br> | शुरुको आक्रमणमा पातहरुमा प्वालै प्वाल देखिन्छन् । प्रकोप धेरै हुँदा सम्पुर्ण पातखाई विरुवा पात बिहिन देखिन्छन् । | • फुल र लार्भाहरु जम्मा गरि नष्ट गर्ने ।<br>• स्पोडो ल्यूर वा स्पोडो एन.पी.भि को प्रयोग गर्ने ।<br>• खेत बारीमा पानी पटाउने ।<br>• नीम जन्य विषादी एजाडिराक्टीन ०.००३ % ( मल्टिनीम) ५ मी.ली प्रति लिटर पानीमा मिसाई प्रयोग गर्ने । |
| माटो मूनि बसी क्षती गर्ने कीराहरु (खुम्रे, फेद कटुवा, रातो कमिला, किर्थो)<br>  | विरुवा ओइलाउने र मर्ने ।<br>विरुवा ढल्ने । | • काँचो गोबर प्रयोग नगर्ने ।<br>• पानी पटाउने ।<br>• गहुँतको प्रयोग गरि माटो भिजाउने ।<br>• राती झारपातको थुप्रो राखी कीरा जम्मा हुने पासो बनाउने र बिहान कीरा जम्मा गरि नष्ट गर्ने ।<br>• क्लोरपाइरिफस २०% ई.सी. १ मी.ली प्रती लिटर पानीमा मिसाई छर्ने । |
| लाहि<br> | माउ र बच्चा दुबैले विरुवाको कलिलो भागबाट रस चुसेर खान्छन् । बिरुवा रोगाउने, पहेंलीने, भाइरस जन्य रोगहरुका लक्षण देखिने हुन्छ । | • सुर्तिको झोल बनाइ छर्ने ।<br>• नीममा आधारीत विषादीको प्रयोग गर्ने ।<br>• पहेंलो भाँडोको प्रयोग गर्ने ।<br>• १ भाग गहुँत र ४ भाग पानी मिसाई २-३ दिनको फरकमा पटक पटक छर्ने । |

## २. मुख्य रोग, तिनका लक्षण तथा व्यवस्थापनका उपायहरु

| रोगको नाम | लक्षण | व्यवस्थापनका उपायहरु |
|---|---|---|
| अल्टरनेरिया थोप्ले रोग<br> | • खैरो वा कालो स-साना गोलाकार थोप्लाहरु पहिले पातमा देखा पर्दछन ।<br>• ति थोप्लामा पछि ठुला चक्काको रुपमा विकास हुन्छ र पातमा प्वाल देखिन्छन ।<br>• त्यस्ता थोप्लाहरु डाँठ र फुलमा समेत देखा पर्छन । | • रोगी पात र अन्य झारपात बटुलेर जलाउने<br>• स्वस्थ बीउ प्रयोग गर्ने ।<br>• उपचार गरिएको बिउको मात्र प्रयोग गर्ने ।<br>• मेनकोजेब ७५% WP (डाईथेन एम- ४५) अथवा कपरअक्सीक्लोराईड ५०% WP (बलाईटक्स, क्यूरेक्स) ढुसीनासक विषदी २-३ ग्राम प्रति लिटर पानीमा मिसाई छर्ने । |
| डाँठ कुहिने रोग<br> | • जमिनको सतहमा काण्डको भाग कुहिन्छ र सेतो ढुसि उम्रेको देखिन्छ वा फुल फुलेको बेला बोट ओइलाउन्छ ।<br>• बोटको डुकोको रगं सेतो फुस्रो हुनुका साथै डाँठ भित्र काला गिर्खाहरु देखिन्छन् ।<br>• विरुवाहरु मसिनो हुनु तथा कुहिएर ढल्नु ।<br>• दैनिकरुपमा विरुवाको संख्या कम हुँदै जानु । | • नाइट्रोजन मल बढी मात्रामा प्रयोग नगर्ने ।<br>• नर्सरी तथा बारीमा पानीको निकासको राम्रो व्यवस्था मिलाउने र खरानी माटोमा मिसाउने ।<br>• नर्सरी ब्याड छाँया, चिसो, ओसिलो तथा सिम क्षेत्रमा नराख्ने ।<br>• रोगी विरुवा संकलन गरि जलाउने ।<br>• जमिनको तयारी गर्दा गहिरो खनजोत गर्ने ।<br>• क्याप्टान, थिराम वा वेभिष्टिन जस्ता ढुसीनासक विषदीले २ ग्राम प्रति के.जी. विउका दरले उपचार गरी ब्याड राख्ने । |
| क्लब रुट | • विरुवाको वृद्धि रोकिन्छ पहेंलिन्छ र बढ्न सक्दैन ।<br>• यस्तो विरुवा उखेलेर हेदाँ जरामा | • घुम्ति बाली अपनाउने (३ देखि ४ वर्ष) ।<br>• रोगि बोट लाइ जलाई दिने वा गाडी दिने ।<br>• यो रोग कम पि.एच. भएको माटोमा छिटो |

| | | |
|---|---|---|
|  | डल्ला परेको देखिन्छ ।<br>● जरा बाक्लो मोटो र ठुलो हन जानाले जराको तलको भाग अत्याधिक ठुलो हुन जान्छ ।<br>● यसरी वृद्धि भएका जराहरु कुहियर कालो भएर जान्छन । | फलिने भएको ले चुन प्रयोग गरि माटोको पि.एच ७.२ भन्दा बढी बनाउने ।<br>● जीवाणु रहित नर्सरिमा वेर्ना हुर्काउने ।<br>● बेनोमाइल ५०% WP (बेनोफिट) विषदी ०.५ मी.ली. प्रति लिटर पानीमा मिसायर प्रयोग गर्ने ।<br>● नेभिजिन १०-१५ के.जी. प्रति रोपनी वा ३ ग्राम प्रति बोट का दरले प्रयोग गर्ने । |
| नसा कालो भई कुहिने रोग<br> | ● पातको छेउबाट लक्षण शुरु भई अंग्रेजी भि आकारको पहेंलो लक्षण देखा पर्दछ ।<br>● पछि नसाहरु कालो भै डाँठसम्म पुगि बोट कुहिन्छ । | ● स्वस्थ बीउं मात्र प्रयोग गर्ने ।<br>● रोगि बोट बिरुवा हटाई नष्ट गर्ने ।<br>● नर्सरीको बेर्नामा नै लागेमा सबै बेर्ना नष्ट गर्ने ।<br>● रोग लागेको ठाँउमा ३–४ वर्ष सम्म काउली परिवारको बाली नलगाउने ।<br>● बिरुवा माथिवाट पानी नहाल्ने वा स्प्रिङ्लर सिंचाई नदिने ।<br>● वयस्क विरुवामा लागेमा पुरानो पातमा मात्र लाग्दछ र उत्पादनमा त्यति असर पार्दैन । |
| डाउनि मिल्ड्यु<br> | ● पातको माथिल्लो सतहमा पहेंलो दागहरु देखा पर्दछ र तल्लो सतहमा ढुसीको सेतो धुलोको कणहरु कपास जस्तै फैलिन्छन् र रोगको प्रकोप व्यापक भएमा विरुवा सुकेर मर्दछ ।<br>● वयस्क विरुवाको फल तथा डांठमा समेत आक्रमण गरि क्षति पुचाउँछ । यसरी आक्रमण भयको भाग कालो हुन्छ । | ● पुरानो रोग ग्रस्त झारपातलाई बटुलेर जलाउने ।<br>● बेर्ना जमाउँदा वा विरुवा लगाउँदा बाक्लो नरोप्ने ।<br>● घुम्ती वालीचक्र अपनाउने ।<br>● नाइट्रोजनयुक्त मल कम हाल्ने ।<br>● बिउ उपचार गरेर मात्र लगाउने ।<br>● मेनकोजेब ७५% WP (डाईथेन एम- ४५) अथवा कपरअक्सीक्लोराईड ५०% WP (बलाईटक्स, क्युरेक्स) ढुसीनासक विषदी २-३ ग्राम प्रति लिटर पानीमा मिसाई छर्ने । |
| टर्निप मोजाइक भाइरस<br> | ● पातमा गाढा हरियो र हल्का हरियो रगंको छिरविरे लक्षण देखा परि गाढा हरियो भागहरु माथी उठेको देखिन्छ । | ● रोगी बोट देखा पर्नासाथ उखेलि जलाउने ।<br>● रोग सार्ने लाहि किरा नष्ट गर्ने ।<br>● रातो रगंको रायोमा यो रोग कम लाग्दछ । |

# सम्पर्क


**परियोजना सहयोग इकाई:**

अमरगढी नगरपालिका - ५, डडेल्धुरा, सुदूरपश्चिम प्रदेश, नेपाल
फोन: + ९७७ -९६-४१०४१३/४१०४१४
फ्याक्स: + ९७७ -९६-४१०४१५
ईमेल: info@rvwrmp.org.np
www.rvwrmp.org.np

**सम्पर्क कार्यालय:**

मानभवन, जावलाखेल, ललितपुर , नेपाल
फोन: + ९७७-१- ५५५०६२८/५५४३३०१
फ्याक्स: + ९७७-१-५५२१४१७


प्राविधिक सहयोग इकाईहरु: अछाम,, बैतडी, बझाङ्ग, बाजुरा, डडेल्धुरा, दैलेख, दार्चुला, डोटी, हुम्ला र कैलाली


"यो सामग्री युरोपेली संघ र वैदेशिक मामिला मन्त्रालय, फिनल्याण्ड समेतको आर्थिक सहयोगमा उत्पादन गरिएको हो । यसमा व्यक्त गरिएका दृष्टिकोणहरुले युरोपेली संघ वा वैदेशिक मामिला मन्त्रालय, फिनल्याण्डको आधिकारिक धारणा प्रतिबिम्बित गर्दैन ।"